आज मिति २०७६।०८।२० गते शुक्रवारका दिन यस तीनपाटन गाउँपालिकाका अध्यक्ष श्री कर्ण बहादुर मगरको अध्यक्षतामा बसेको गाउँ कार्यपालिकाको बैठकमा तपशिलका प्रस्ताव माथि छलफल गरी देहाय बमोजिम निर्णय गरियो ।

उपस्थिति :

श्री कर्ण बहादुर मगर - अध्यक्ष

श्री पदममाया तामाङ - उपाध्यक्ष

श्री विष्णु प्रसाद सुवेदी - प्रमुख प्रशासकिय अधिकृत

श्री गोबिन्द बहादुर राउत - कार्यपालिका सदस्य

श्री हेम बहादुर श्रेष्ठ - कार्यपालिका सदस्य

श्री लाल बहादुर स्याङ्तान - कार्यपालिका सदस्य

श्री खड्ग बहादुर भुजेल - कार्यपालिका सदस्य

श्री दिनेश कुमार रमौली - कार्यपालिका सदस्य

श्री बिर बहादुर पुलामी - कार्यपालिका सदस्य

श्री कोमल बहादुर खपाङ्गी - कार्यपालिका सदस्य

श्री रेखराज अधिकारी - कार्यपालिका सदस्य

श्री शेर बहादुर मगर - कार्यपालिका सदस्य

श्री पुण्यहरी भुजेल - कार्यपालिका सदस्य

श्री हितलाल श्रेष्ठ -कार्यपालिका सदस्य

श्री जगदिश्वर तोलाङ्गी - कार्यपालिका सदस्य

श्री दुध कुमारी ठकुरी - कार्यपालिका सदस्य

श्री देवमाया श्रेष्ठ - कार्यपालिका सदस्य

श्री टेक वहादुर परियार - कार्यपालिका सदस्य

श्री भगवति श्रेष्ठ - कार्यपालिका सदस्य

श्री गीतामाया श्रेष्ठ - कार्यपालिका सदस्य

~~सहयोगी~~ कर्मचारी :- सुरेश कुमार कराल

सहयोगी कर्मचारी :- तारानाथ अधिकारी

प्रस्तावहरु :-

१. नियमावली तथा कार्यविधि तर्जुमा गर्ने सम्वन्धमा ।

२. गाउँपालिका भवनको मूल्याङ्कन गर्ने सम्वन्धमा ।

३. परीक्षा संचालन गर्ने सम्वन्धमा

४. विद्युतीय पोल आपूर्तिको काम कारवाहि अगाडि वढाउने सम्वन्धमा ।

५. अतिरिक्त समय तथा फिल्डमा कार्य गर्ने कर्मचारीको सेवा सर्त सम्वन्धमा ।

६. प्रधानमन्त्री रोजगार कार्यक्रमको योजना छनोट गर्ने सम्वन्धमा ।

७. जग्गा प्राप्त गर्ने सम्वन्धमा ।

८. विविध ।

**निर्णयहरु**

प्रस्ताव नं. १ माथि छलफल गर्दा आर्थिक सहायता कार्यविधि, गाउँ प्रहरी छनोट कार्यविधि, सहकारी नियमावली र कृषि समुह दर्ता सम्वन्धि कार्यविधि तर्जुमा गर्न विधेयक समितिको बैठक छलफलका लागि कार्यपालिकाको सदस्य सहित मंसिर २७ (सत्ताइस) गते बस्ने निर्णय गरियो ।

५६

प्रस्ताव नं. २ माथि छलफल हुँदा बोलपत्र आव्हान भई मूल्याङ्कनको चरणमा रहेको गाउँपालिका भवनको प्राविधिक तथा आर्थिक मूल्याङ्कन अन्यत्र निकायका प्राविधिक जनशक्ति वाट समेत मूल्याङ्कन गराउने गरी निर्णय गरियो ।

प्रस्ताव नं. ३ माथि छलफल हुँदा यस अघि कृषि, पशु र स्वास्थ्यका स्थगित भएको परीक्षा सम्बन्धमा समायोजन र लोकसेवावाट आउने जनशक्ति एकिन गरी आगामी १५ दिन भित्र संचालन गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ४ माथि छलफल हुँदा नियमानुसार सम्झौता र कार्यदेश सम्पन्न गर्न ७ (सात) दिनको जानकारी दिने र सम्वन्धित निकायको प्राविधिक जनशक्तिवाट स्टिमेट ( Estimate) र स्पेशिफिकेशन (specification) वमोजिम चेकजाँच गरी गराई प्राविधिक प्रतिवेदनको आधारमा आवश्यक निर्णय गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ५ माथि छलफल गर्दा कार्यालयमा अतिरीक्त समय काम गर्ने तथा फिल्डमा खटिने कर्मचारीहरुको उचित सेवा सुविधा निर्धारण सम्वन्धमा प्रमुख प्रशासकिय अधिकृत लागि रु १२,०००।- (वाह हजार ) अधिकृत स्तरको लागि रु ११,०००।- ( एघार हजार मात्र) र सहायक स्तरको लागि रु १०,०००-(दश हजार) मासिक रुपमा उपलव्ध गराउने, वडा सचिव र वडा प्राविधिकलाई यस अघि उपलव्ध गराउदै आएको सुविधामा उल्लेखित सहायक स्तरले पाउने सुविधा समायोजन गर्ने र सो को अनुमोदनको लागि आगामी गाउसभामा पेश गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ६ माथि छलफल गर्दा वस्ती स्तरको देहायका योजनाहरु छनोट गर्ने निर्णय गरियो ।

१. चकमके वोक्सिटार हाडिखोला कल्भर्ड - ११ र ४

२. करौजे चदाहाखोला कल्भर्ड - ५

३. कन्याखोला कल्भर्ड - ११ र ९

४. झुंगाखोला कल्भर्ड - १

५. तिल्पुङ तोश्राम डाडाखोला -८ र ७

६. जिर्गा वोक्सेटार सिचाई कुलो -३

७. क्यापस जाने सडक स्तरउन्नती -२

८. अर्मले दोभान डुडे मा.वि. गडाके सडक - ६

९. माथिल्लो वजार लामन्टार सडक पक्कि नाला ग्रावेल -११

१० विजयपुर परासे कल्भर्ड - ६

११ वाइरीङ भालुखोला दोभान कल्भर्ड -११ र १०

१२ कन्याखोला थानि थान सडक पक्कि नाला -९

१३ चकमके वजार पुरानो वसेपार्क सडक नाला निर्माण -११

१४ वाइटार -कालाङ भालुखोला कल्भर्ड निर्माण -११ र १०

१५ तिल्पुङ वजार देखि फेदि सम्म पक्कि नाला निर्माण -८

प्रस्ताव नं. ७ माथि छलफल गर्दा यस तीनपाटन गाउँपालिका वडा नं ३ को जोगेमा घुम्ति वडा कार्यालय निर्माण को लागि जग्गा आवश्यक परेको हुदाँ साविक भिमस्थान गा.वि.स वडा न ६ वस्ने दुर्गा वहादुर खत्री पौडेलको नाममा दर्ता श्रेस्ता कायम रहेको साविक रानिचुरी ९ च कि.न. ११९ को क्षेत्रफल ०-४-१.५ मध्ये पूर्वतर्फवाट ०-१.५-० कट्टा हुने गरी दान स्वरुप दिन मञ्जुर गरेकोर निजको भाई भिम वहादुर खत्रीले साविक रानिचुरी ९ च कि.न. १२० को क्षेत्रफल ०-४-१.५ मध्ये पूर्वतर्फवाट ०-१.५-० कट्टा हुने गरी दिन मञ्जुर गरेकोले मालपोत कार्यालय सिन्धुलीमा गई रजिस्ट्रेशन पास गरि ल्याउन निर्णय प्रतिलिपि सहित सिफारीस गरी पठाउने निर्णय गरियो ।

प्रस्ताव न. ८ माथि छलफल गदा कार्यपालिकाले नियमित रुपमा वैठक वस्ने भवन गाउँपालिकाको सम्वन्धि कार्यक्रम संचालन गर्न वाहेक अन्य कार्यको लागि प्रयोग गर्न नदिने निर्णय गरियो ।